**<u>बैंकिङ्ग क्षेत्रमा बढ्दो कार्यदबाब, असुरक्षित कार्य वातावरण, श्रम अधिकार, मानशिक स्वास्थ्य तथा बैंक कर्मचारीको आत्महत्या प्रति गम्भीर ध्यानाकर्षण</u>**

मिति २०८३ साल जेठ ४ गते ग्लोबल आइएमई बैंक, विराटनगरमा कार्यरत कर्मचारी पिताम्बर खड्काको दुःखद आत्महत्याको घटनाप्रति बैंक तथा वित्तीय क्षेत्रका सम्पूर्ण कर्मचारीहरूको गम्भीर ध्यानाकर्षण भएको छ। यस घटनाले समग्र बैंकिङ्ग क्षेत्रका श्रमजीवी कर्मचारीहरूलाई स्तब्ध, मर्माहत र चिन्तित बनाएको छ। दिवंगत आत्मा प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौँ ।

हामी यस घटनालाई केवल व्यक्तिगत दुःखद घटनाको रूपमा मात्र नभई बैंकिङ्ग क्षेत्रमा पछिल्लो समय बढ्दै गएको अत्याधिक कार्यदबाब, अस्वस्थ कार्य संस्कृती तथा श्रम व्यवस्थापन सम्बन्धी गम्भीर समस्याहरूको संकेतका रूपमा लिएका छौँ । पछिल्ला वर्षहरूमा कार्य-जीवन सन्तुलनको अभाव तथा निरन्तरको मानसिक दबाबले कर्मचारीहरूको व्यक्तिगत, पारिवारिक तथा मानसिक स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक प्रभाव पारिरहेको देखिन्छ।

अझ दुःखद पक्ष के छ भने, आफ्नो जिम्मेवारी तथा प्रचलित बैंकिङ्ग नियम, मापदण्ड र कानुन अनुसार कार्य सम्पादन गर्दा समेत कर्मचारीहरू माथि विभिन्न दबाब समूहबाट दुर्व्यवहार, धम्की, व्यक्तिगत अपमान तथा असुरक्षाका घटनामा वृद्धि भइरहेको छ। यस्ता गतिविधिहरूले कर्मचारीहरूलाई सुरक्षित र सम्मानजनक वातावरणमा काम गर्न गम्भीर अवरोध सिर्जना गरिरहेका छ। साथै, सामान्य बैंकिङ्ग प्रक्रिया तथा कानुन बमोजिम गरिएको कार्यलाई समेत कतिपय अवस्थामा “गैरकानुनी” भन्दै कर्मचारीहरूलाई अनावश्यक कानुनी झन्झट, सामाजीक आरोप तथा मानसिक तनावमा पार्ने प्रवृत्ति बढ्दो छ। यस्तो संवेदनशील अवस्थामा सम्बन्धित निकायहरूको प्रभावकारी पहल र संरक्षणको अभावले कर्मचारीहरूमा थप असुरक्षा र निराशा बढाएको अनुभूती भएको छ।

नेपालको संविधान तथा प्रचलित कानुनले प्रत्येक श्रमिकलाई सुरक्षित, सम्मानजनक र मर्यादित कार्य वातावरणको अधिकार सुनिश्चित गरेको छ। त्यसैले हामी नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालय, नेपाल राष्ट्र बैंक तथा सम्बन्धित निकायहरू समक्ष बैंकिङ्ग क्षेत्रमा श्रम मापदण्डको पूर्ण कार्यान्वयन, कार्यसमय तथा अतिरिक्त कार्यको स्पष्ट व्यवस्थापन, मानसिक स्वास्थ्य संरक्षणका लागि प्रभावकारी परामर्श प्रणाली, तथा कार्यस्थलमा हुने सबैखाले दुर्व्यवहार विरुद्ध कडा संयन्त्र निर्माण गर्न जोडदार माग गर्दछौँ।

उच्च तहका कर्मचारीहरू माथि कुनै पनि किसिमका कारबाही सुरु हुँदा सक्रिय अभिव्यक्ति दिने विभिन्न समूह तथा संस्थाहरू यस घटनामा उठिरहेका सम्भावित “आत्महत्या दुरुत्साहन” सम्बन्धी गम्भीर प्रश्नमा मौन देखिनु चासो र चिन्ताको विषय बनेको छ। त्यसैले उक्त घटनाको निष्पक्ष छानबिन गरी यदि कसैको प्रत्यक्ष वा अप्रत्यक्ष दबाब, दुरुत्साहन, गैरजिम्मेवार व्यवहार वा संस्थागत लापरवाही प्रमाणित भएमा प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित निकाय समक्ष माग गर्दछौँ।

समग्र बैंकिङ्ग क्षेत्रको दिगो र जिम्मेवार विकासका लागि कर्मचारी मैत्री कार्यसंस्कृती, सुरक्षित कार्य वातावरण तथा श्रम अधिकारको पूर्ण प्रत्याभूती अपरिहार्य रहेको छ । त्यसैले, यस क्षेत्र भित्र बढ्दो असुरक्षा, मानसिक दबाब तथा कार्यस्थलमा हुने दुर्व्यवहारका घटनाहरूलाई गम्भीर रूपमा लिई यस्ता समस्या न्यूनीकरण तर्फ ठोस पहल गर्न सम्बन्धित सबै पक्षको गम्भीर ध्यानाकर्षण गराउँदछौँ।

**संयुक्त रूपमा विज्ञप्ति जारी गर्ने बैकिङ्ग संघ-संगठनहरू:**

१. एभरेष्ट बैंक कर्मचारी संगठन
२. नबिल बैंक कर्मचारी संघ
३. एन आई सी एशिया बैंक कर्मचारी संघ
४. प्रभु बैंक बित्तिय संस्था कर्मचारी युनियन
५. नेपाल एसबीआई बैंक कर्मचारी संघ
६. हिमालयन बैंक कर्मचारी संगठन
७. सिद्धार्थ बैंक कर्मचारी संघ

बोधार्थ:
१. सम्माननीय प्रधानमन्त्रीज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।
२. माननीय अर्थमन्त्रीज्यू, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
३. माननीय युवा, श्रम तथा रोजगार मन्त्रीज्यू, युवा, श्रम तथा रोजगार मन्त्रालय, काठमाडौं ।
४. श्रीमान गभर्नरज्यू, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं ।
५. श्रीमान अध्यक्षज्यू, नेपाल बैंकर्स संघ, काठमाडौं ।
६. श्रीमान अध्यक्षज्यू, डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल, काठमाडौं ।
७. श्रीमान अध्यक्षज्यू, नेपाल लघुवित्त बैंकर्स संघ, काठमाडौं
८. श्रीमान अध्यक्षज्यू, नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
९. राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर ।
१०.अन्तर्राष्ट्रिय श्रम संगठन (ILO), नेपाल कार्यालय ।
११.सम्पूर्ण सञ्चारकर्मी साथीहरु तथा सञ्चार माध्यमहरू ।